सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : ११८ | वि.सं. २०७९ मंसिर १२ गते सोमबार | 28, 2022 Monday, NOV | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

# सबै षड्यन्त्रलाई परास्त गर्दै पर्सा क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्यमा अनततः राजकुमार गुप्ता नै विजयी

बीरगन्ज / सबै षड्यन्त्र लाई परास्त गर्दै पर्सा क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्यमा अनतत: राजकुमार गुप्ता नै विजयी भएका छन् ।

प्रत्यक्ष तर्फ को मतगणना मा १५१ मत ले विजयी गुप्ता समानुपातिकको मतगणनामा फेला परेको प्रत्यक्षतर्फको मतपत्र लाई सदर मानी गणना गर्दा झन् १६७ मतले विजयी भएका हुन् ।

निर्वाचन अधिकृत योगनाथ ढकालले प्रत्यक्ष र समानुपातिक को मतगणना सम्पन्न भय पछि निर्वाचित राजकुमार गुप्तालाई



प्रमाणपत्र दिनु भएको छ ।

प्रत्यक्ष तर्फको मतपेटिका र समानुपातिक को मतपेटिका मा रहेको प्रत्यक्ष को मत को अन्तिम मत परिणाम अनुसार एमाले को राजकुमार गुप्ताले २४३१९ र काग्रेसको सुरेन्द्र चौधरी ले २४१५२ मत ल्याएको निर्वाचन अधिकृत योगनाथ ढकालले ले जानकारी दिनु भएको छ ।

समानुपातिक को पेटीमा फेला परेको प्रत्यक्ष तर्फको १५५ मतमपत्र मा सुर्य ५९, काग्रेस ४३, शुसासन पार्टी २२ र अन्य ले मत ल्याएको छ । यस

***बाँकी तेश्रो पृष्ठमा***

# मोटरसाइकल दुर्घटनामा एक किशोरको मृत्यु,अर्का घाइते



वीरगन्ज : वीरगन्जमा मोटरसाइकल दुर्घटना हुँदा एक किशोरको मृत्यु भएको छ। दुर्घटनामा एकजना घाइते भएका छन् ।

मृत्यु हुनेमा वीरगन्ज महानगरपालिका वडा नम्बर १२ मुर्लीका १९ वर्षीय साहिल हवारी रहेका छन् ।

शनिबार राति वीरगन्ज १४ पिपराको नृसिंह माविस्थित सडकमा मधेस प्रदेश ०३-०२७ प ००९८ नम्बको मोटरसाइकल आफै अनियन्त्रित भइ दुर्घटना हुँदा मोटरसाइकल चालक हवारी र त्यसमा सवार २० वर्षीय सरजात अन्सारी घाइते भएका थिए ।

घाइते दुवैजनलाई उपचारका लागि वीरगन्जकै स्पर्श मल्टिस्पेशलिटी हस्पिटलमा भर्ना गरिएकोमा हवारीको उपचारका क्रममा मृत्यु भएको पर्साका प्रहरी नायब उपरीक्षक दिपक गिरिले जानकारी दिए ।

घाइते अन्सारीको उपचार जारी रहेको उनले बताए ।

# रौतहट नगएको भए मलाई नै उछिट्याइदिने रहेछन् : माधव नेपाल



काठमाडौं । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल रौतहट-१ बाट चुनाव जितेर काठमाडौं फर्किएपछि आइतवार पहिलोपटक पार्टी कार्यालय पुगेका थिए । पार्टी कार्यालयमा उनको कार्यकक्षमा कार्यकर्ताहरूले खादा लगाएर चुनाव जितेकोमा बधाई दिए।

कार्यकर्तासँगको भेटघाटका नेपालले अनौपचारिकरूपमा आफ्ना कुरा राखेका थिए ।त्यसक्रममा उनले रौतहटबाट चुनाव लड्ने भनेर गरेको निर्णय सही भएको बताएका थिए ।

'रौतहट नगएको भए मलाई नै उछिट्याइदिने रहेछन्', नेपालले भने । उनले आफ्नो मात्रै चिन्ता व्यक्त गरेनन् । माओवादी केन्द्रका अध्यक्ष पनि चितवन छाडेर गोरखा जानु सही भएको निष्कर्ष सुनाए । 'प्रचण्डलाई पनि अप्ठ्यारो पार्ने रहेछन् । गोरखा गएर राम्रो भयो', नेपालले भने ।

यसअघि काठमाडौं-२ बाट चुनाव लड्दै आएका नेपालले मंसिर ४ मा भएको चुनावमा रौतहट-१ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवारी दिएका थिए । त्यहाँ

***बाँकी तेश्रो पृष्ठमा***

# विवाह पञ्जमीको अवसरमा मधेस प्रदेशमा सार्वजनिक विदा


वीरगञ्ज । प्रदेस प्रदेशमा भोली सार्वजनिक विदा हुने भएको छ । भोली सोमबार विवाह पंञ्जमीको अवसरमा मधेस प्रदेश सरकारले सार्वजनिक विदा दिएको हो ।

भोली पञ्चमीका दिन त्रेता यूगमा माता सितार भगवान श्रीरामको विवाह भईआएको मान्यताका साथ मनाईदै आएको विवाह पञ्चमीका दिन जनकपुर स्थित जानकीमन्दिरमा भख्यताका साथ मनाईदै आएको छ ।

साथै हिन्दुहरुले पर्वका रुपमा मनाईदै आएका छन । त्यसैले आस्थाको यस पर्वलाई मधेस प्रदेश सरकारले शुभकामना दिएको छ ।

# पर्सामा समानुपातिकमा पनि सबै भन्दा बढि मत पाउदै काँग्रेस बन्यो पहिलो दल

**वीरगन्ज,११ मंसिर : मंसिर ४ मा भएको निर्वाचनमा पर्सा जिल्लामा नेपाली काँग्रेसले समानुपातिक तर्फ पनि सबै भन्दा बढि मत प्राप्त गर्दै पहिलो दल बनेको छ ।**



**प्रतिनिधीसभाको समानुपातिकमा काँग्रेसले सबै भन्दा बढि ६६ हजार ६७५ मत प्राप्त गरेको छ । दोश्रो स्थानमा रहेको नेकपा एमालेले ४२ हजार ९७५ मत पाएको छ भने जनता समाजवादी पार्टी (जसपा) ३८ हजार ४२१ मतका साथ तेश्रो स्थानमा झरेको छ ।**

**राप्रपा २० हजार ८७३ .मतका साथ चौथो , नेकपा माओवादी केन्द्र १३ हजार २७४ मतका साथ पाँचौ र रवि लामिछानेको दल राष्ट्रिय स्वतन्त्र पार्टी ७ हजार ५५१ मतका साथ छैठौं शक्ति पर्सामा बनेको छ । सातौ स्थानमा रहेको नेकपा एकिकृत समाजवादीले ५ हजार ७३१ मत पाएको छ । लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) भने ५ हजार ४३ मतका साथ आठौ स्थानमा रहेको छ । सिके राउतको दल जनमत पार्टी भने ३ हजार ९१९ मतका साथ नवौं स्थानमा सिमित हुन पुगेको छ ।**

**प्रदेशसभाको समानुपातिकमा पनि काँग्रेस नै पहिलो**

**प्रदेशसभाको समानुपातिकमा पनि पहिलो दल काँग्रेस नै बनेको छ । काँग्रेसले सबै भन्दा बढि ६३ हजार ८६१ मत पाएको छ ।**

**जसपा भने ४१ हजार ६२७ मतका साथ दोश्रो स्थानमा पुग्दा नेकपा एमाले ४१ हजार ३०४ मत प्राप्त गर्दै तेश्रो दल बनेको छ ।**

**चौथो स्थानमा उक्लिएको राप्रपाले १७ हजार १७३ मत पाउदा माओवादी केन्द्र ११ हजार ३१३ मत प्राप्त गर्दै पाँचौ दल बनेको छ ।**

**सिके राउतको दल जनमत पार्टी भने ७ हजार २५४ मतका साथ छैठौं स्थानमा छ । नागरिक उन्मुक्ति पार्टी ६ हजार ६६२ मततका साथ सातौ स्थानमा , नेकपा एकिकृत समाजवादी ६ हजार ९४ मतका साथ आठौ स्थानमा पुगेको छ ।**

**नवौं स्थानमा रहेको लोसपाले ४ हजार ८०५ मत पाएको छ भने नेपाल संघीय समाजवादी पार्टी ४ हजार १८१ मतका साथ दशौं स्थानमा पुगेको छ ।**

**२०७४ को निर्वाचनमा पर्सामा कुन दल**

***बाँकी अन्तिम पृष्ठमा***



# ज्योती जागरण

दैनिकको लागि

प्रकाशक

**ज्योती मिश्रा** (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


# निर्वाचनले दर्शाएको जनविद्रोह

**डा. अतीन्द्र दाहाल**

नागरिक सेवामा दत्तचित्त रहँदै नागरिक पहिलो प्राथमिकता भन्ने अवधारणालाई अवलम्वन गर्ने विषय अनुमोदित भएका छन्।

संघीय तथा प्रदेशसभा निर्वाचन सम्पन्न भएको छ। छिटफुट घटनाबाहेक तुलनात्मक हिसाबले निर्वाचन शान्तिपूर्ण रह्यो। चुनावको परिणामपछि भने निकै फरक परिदृश्य सतहमा आउँदैछन्।

यसलाई लिएर विभिन्न पटाक्षेप पनि बनाइँदैछ। निर्वाचन एउटा विशुद्ध प्राविधिक पक्ष हो। एकभन्दा धेरै व्यक्ति प्रतिस्पर्धामा रहन्छन्। कसैले जित्ने र अरू धेरैले हारलाई व्यहोर्नुपर्ने अवस्था स्वाभाविक हुन्छ। यद्यपि जसले हारे वा जिते पनि यसबाट आउने नृतत्वका कारण देशचाहिँ कहिल्यै हार्नु हुँदैन। हरेक सवालमा देशले जितेको महसुस नागरिकलाई भएमा दल, राजनीति अनि नेतृत्व सबैप्रति आर्कषण सदैव यथावत रहन्छ।

मतदान कसैलाई गरे/नगरेको आधारमा नागरिकले कहिल्यै पनि निर्वाचितलाई प्रतिनिधि नमान्ने गर्दैनन्। उसले राम्रा काम गरे अस्वीकार गर्दैनन्। अरू नै दल वा पार्टीको भए पनि नागरिकका लागि भरपूर राम्रा काम गर्नेमा दत्तचित रहे निर्वाचनमा असहयोग पनि गर्दैनन्।

तर राजनीति यी स्वाभाविक कोर्सबाट बाहिर गएका करण निर्वाचनले केही अपवाद उजागर गरेको छ। यो निर्वाचनबाट दुई प्रकारका विद्रोहको स्वरूप प्रस्फुटित हुँदैछन्। नागरिकले दलमाथि विकर्षण र विनिर्माण दुवैको सन्देश दिने गरी विद्रोहभाव दर्शाएका छन्।

विकर्षणको भाव

निर्वाचन शान्तिपूर्ण भए पनि यस पटक मतदान भने निकै कम भयो। विभिन्न अनुसन्धानहरूले समेत स्थानीयभन्दा राष्ट्रिय निर्वाचनमा औसत १० देखि २० प्रतिशत कम मतदान हुने देखाउँछ। ज्याकुलाइन गोरम्यानको पुस्तक 'ह्वाई आर इलेक्सन्स् इम्पोर्टेन्ट'का अनुसार राष्ट्रिय निर्वाचनमा उम्मेदवार र मतदाताबीच स्थानीय निर्वाचन जत्तिको सघन घनिष्टता हुँदैन।

विश्वभर नै मताधिकारमाथि अरूची र अनिच्छा बढ्दो देखिन्छ। त्यसैले अष्ट्रेलिया, लक्जम्बर्ग, सिंगापुर, न्युजिल्याण्डलगायत केही देशमा त अनिवार्य मतदानको कानुनी व्यवस्था छ। अधिकतममा विभिन्न समयका निर्वाचनमा बेल्जियममा लगभग ८७, स्वीडेनमा ८२, नेपालमा ७४ को निर्वाचनमा ७५, दक्षिण कोरियामा ७८ प्रतिशतदेखि न्युनतममा हाइटीमा १७, अल्जेरिया २३, इजरायल ३०, स्वीजरल्याण्डमा ३८ प्रतिशत मतदान भएका तथ्यांक छन्।

यति नै मत खसेमात्र निर्वाचनको वैधानिकता हुन्छ भन्ने कानुन र अभ्यास दुवै छैनन्। तर सकेसम्म धेरैलाई मतदानमा सहभागी गराउन सक्दा निर्वाचनको विश्वसनीयता अझ उचो हुन्थ्यो।

विद्युतीय मतदान, अर्लि भोटिङ, इन्टरनेट भोटिङजस्ता नवप्रर्वद्धनात्मक अभ्यासहरू अवलम्बन गर्न सकेको भए उच्च मतदान हुने थियो। सरकारी तथ्यांकअनुसार झन्डै २२ लाख आसपास, अन्य अप्रशोधित तथ्यांकअनुसार ४० लाख आसपास मतदाताहरू विदेशमा छन्। देशभित्रै पनि रोजगारी, व्यापार व्यवसाय तथा अध्ययनको सिलसिलामा आफ्नो मतदान क्षेत्रभन्दा अन्यत्र बसोबास गर्नेको संख्या थुप्रै छ। बिदा एवं वित्तीय व्यवस्थापनसमेत सदैव सहज नहुन सक्छ।

तर साँच्चै नागरिकमा व्यग्र इच्छा र नेतृत्व एवं दलप्रति आस्था तथा आशा भएमा मतदान धेरै हुने थियो। स्वयं दलहरूले नै मतदातालाई गाउँसम्मकै दुईतर्फी सवारीको व्यवस्थापनसमेत गरेका थिए। तर पनि नागरिकमा उल्लेख्य उत्साह देखिएन। मतदान गरेकाहरू त्यति गौरवान्वित अनुभूत थिएनन्, केवल औपचारिकताको महसुस गर्दथे। यसरी घट्दो मतदानबाट एउटा शान्तिपूर्ण बिद्रोहको अभ्यास भएको मान्न सकिन्छ। निर्वाचन परिणामले त दलहरूमाथि विनिर्माणको अपरिहार्यतलाई स्वीकार्न स्पस्ट दबाब दिएको छ।

विनिर्माणको दबाब

ठूलो संख्यामा शीर्षनेताहरू एवं चर्चित अनुहारहरू पराजित भए। विगतमा मन्त्रीलगायत विभिन्न उच्च ओहोदामा भएकोहरू धेरैको शर्मानक अवस्था छ। जितेकामध्ये अधिकांशले झिनो मतमात्रको अग्रता पाए।

हिजो प्रमुख नेतृत्वको अघिपछि किचन क्याबिनेटका रूपमा रहेकाहरूको आम पराजयले केही दललाई स्तब्ध बनाउने अवस्था छ। नयाँ दलहरूप्रति जबर्जस्त आर्कषण बढ्दो देखिन्छ। धेरै संख्यामा नयाँ उम्मेदवार भएर मत बाँडिँदा थुप्रै स्थानमा पुरानै दलले जित त हात पारे। यद्यपि पुराना दललाई एकातिर र नयाँ दल तथा स्वतन्त्रहरू अर्कोतिर राख्दा दोश्रो पक्षमाथिको पल्ला भारी बन्ने देखिन्छ। हिजोसम्म जेल बसेको, यातना भोगेको, आन्दोलनको नेतृत्व गरेको, बिद्रोह उठाएको कुरा नेताको वान्छनीय योग्यता मानिन्थ्यो। अहिलेका अधिकांश मतदाताले यो पक्षलाई न त भोगेको छ, न त त्यसमा केही अभिरूची राख्छ। हामीले क्रान्ति गर्‍यौं, राणाशासन ढलायौं, प्रजातन्त्र ल्यायौं, गणतन्त्र स्थापित गर्‍यौं भन्ने दलहरूको दाबा हुन्छ।

यी आन्दोलनमध्ये धेरै अथवा कुनै पनि आन्दोलनलाई नदेखेको नभोगेको अथवा नजानेको दस्ताको मतदाता संख्या अधिक भइसक्यो। अब तत्काल नागरिकमाझ को कति लोकप्रिय छ ? आफ्नो पेशा र क्षेत्रमा कति काबिल छ ? भन्ने कुरा महक्तवपूर्ण हुन्छ।

आफू संलग्न क्षेत्रमा सक्षम मानिएको र अब्बल ठहरिएको निपूर्ण मानिस राजनीतिमा आउन् भन्ने आशा रहन्छ। उनीहरूले कम्तिमा राज्यको ढुकुटीलाई आफ्नो जीवन निर्वाहका लागि दुरुपयोग गर्नुपर्दैन भन्ने मान्यता राखिन्छ। उनीहरू जुन क्षेत्रमा दक्ष र विज्ञ छन्, उक्त क्षेत्रमा सघन प्रगति र पुनर्निर्माण गर्नसक्छन् भन्ने विश्वास हुन्छ। जान्नेलाई छान्ने कुराले नागरिकलाई आकर्षित गर्छ।

हामीकहाँ जुलुस लगाएकै र ढुंगा हानेकै कुरालाई राजनीतिक सक्रियताको मानक मान्ने भुलभुलैया बस्यो। अनि राजनीतिक अभ्यासमा रहेकै कारण सर्वज्ञान सम्पन्न हुने, उनीहरूले सबैथोक जान्ने, कसैसँग सरसल्लाह लिनुसमेत नपर्ने विचलन सुरु भयो। राजनीतिक अभ्यास युवाले गर्नुपर्छ, त्यो विज्ञता र दक्षताबाट निर्देशित रहनुपर्छ।

राजनीति सत्तामुखी होइन, परिवर्तनमुखी बन्नुपर्छ भन्ने दलहरूले बिर्सदा नागरिकको निराशा बिस्फोट हुन थाल्यो। आधारवर्गको हितलाई शिरोपर गर्नुपर्ने अभिभारालाई नकार्दा दलहरूकै अवसानको आधार बन्न थाल्यो।

अहिले पनि मतदातामा बहुदलीय प्रणालीप्रति समर्थन छ। राम्रा उम्मेदवार भएको खण्डमा नागरिकले समर्थन गरेका वा विजयी गराएका छन्। पटक/पटक निर्वाचत भए पनि अथवा राजनीतिक वृत्तको सघन चर्चा मै रहे पनि नागरिकबीच अपेक्षित कार्यसम्पादन गर्न नसक्दा निर्वाचन जितिँदैन भन्ने प्रमाणित भएको छ। अहिलेको राजनीति रिभोलुसनरी ( क्रान्तिकारी) होइन, रिफर्मेटिभ ( सुधारात्मक) अभ्यास र प्रयोगबाट मात्र सही बाटोमा हिँड्छ। अनुहार, दलीय अनुबन्धन, नेतृत्वको भजनकीर्तन अनि देवत्वकरणमा रमाउने र सत्तोसरापको बहाबमा बहनेहरूको अस्तित्व धरमराएको छ।

बाँकी तेश्रो पृष्ठमा

# भोट बैंक मात्रै होइनन् ज्येष्ठ नागरिक

**मधु राई**

संयुक्त राष्ट्र बालकोषमा २९ वर्ष काम गरेका ७२ वर्षीय श्रीमान्को दैनिकी बिहान पाँच बजे सुरु हुन्छ। घरका सदस्य नउठ्दै बिहानको चिया पकाएर खाएपछि एक घण्टा व्यायाम गर्ने श्रीमान् बेलुकी प्राय: आफैं खाना बनाएर खाने गर्नुहुन्छ। बेलुकीपख सधैंजसो कौसीमा पानी हाल्नु उहाँको दैनिकीमा पर्छ। जागिरे जीवनमा गाडी चलाउन सिकेका श्रीमान् अझै पनि लामो यात्रा गर्न रुचाउनुहुन्छ।

यसरी श्रीमान्जस्ता कतिपय ज्येष्ठ नागरिकले पनि व्यक्तिगत रूपमा शारीरिक र मानसिक स्वास्थ्यका लागि सक्रिय जीवनशैली अपनाउने गरेका छन्। यस्तो जीवनशैलीले घरपरिवार र समाजमा जीवनको उत्तरार्द्धमा पनि सक्रिय जीवन बिताउन सकिन्छ भन्ने सकारात्मक सन्देश प्रवाह गरिरहेको छ।

कतिपय ज्येष्ठ नागरिक भने समग्र ज्येष्ठ नागरिकहरूको हकहितका लागि सामाजिक कर्ममा होमिएका छन्। ३५ वर्ष प्रहरी सेवामा आफ्नो ऊर्जाशील उमेर खर्चेका छत्र प्रधान तीमध्ये अग्रपंक्तिमा पर्नुहुन्छ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका अध्यक्षसमेत रहेका प्रधानले १८ वर्षदेखि ज्येष्ठ नागरिकहरूका विविध मुद्दामा पैरवीकर्ताको भूमिका निर्वाह गर्दै आउनुभएको छ। महासंघले सबै जिल्लामा शाखा विस्तार गरेको छ।

हामी नेपाली जीवनको ६० औं वसन्त पार गरेपछि आफूलाई बुढेसकालले छोयो भनेर चिन्तित हुन थाल्छौं। कतिपय मानिस जीवनको पूर्वार्द्धमा सक्रिय भए पनि उत्तरार्द्धमा निष्क्रिय जीवनशैली अपनाउन थाल्छन्।

निष्क्रिय जीवनशैली अपनाउने कतिपय ज्येष्ठ नागरिकमा यही कारण शारीरिक-मानसिक रोग देखा पर्न थालेको छ। निष्क्रिय जीवनशैली अपनाउने अधिकांश ज्येष्ठ नागरिक कालान्तरमा घरपरिवार र समाजबाट दूरीको जीवन बिताउने गरेको आफ्नै टोलछिमेकमा देख्न सक्छौं।

एउटा अध्ययन अनुसार, घरपरिवार र समाजबाट परपरै रहनेहरूमा विस्मृतिको रोग बढी देखिने गरेको छ। यस्तै विस्मृति रोगका कारण कतिपय ज्येष्ठ नागरिक परिवारका सदस्यलाई नभनी सुटुक्क घर छाड्ने गर्छन्।

धेरै वर्षअघि मैले चिनेका दुई जना ज्येष्ठ नागरिक परिवारलाई थाहै नदिई घर छाडेको घटना मेरो मानसपटलमा ताजै छ।

पछिल्लो समय वैदेशिक रोजगारी तथा अध्ययनका लागि छोराछोरी बिदेसिन थालेपछि ज्येष्ठ नागरिकहरूको दैनिकी झनै कष्टकर बन्दै गएको छ। बिदेसिएका अधिकांश छोरानाति पुस्ताहरूमा सामाजिकीकरणको पूर्णतया कमी देखिन्छ। किनभने तिनीहरू बेलाबेला आफन्तजनसँग भेटघाट गर्न स्वदेश आए पनि अधिकांशले धरातल बिर्सदै गएको देखिन्छ। यसले गर्दा पनि डाँडाको घाम बनिसकेका ज्येष्ठ नागरिकहरूको उत्तरार्द्ध कष्टकर बन्दै गएको छ।

यस्तै कारणले पनि बहुसंख्यक ज्येष्ठ नागरिकहरू कुण्ठाग्रस्त जीवन बिताउन बाध्य छन्। कतिपय यस्ता ज्येष्ठ नागरिकहरू बाहिरबाट सुखी र सम्पन्न देखिए पनि मानसिक रूपले अस्वस्थ बन्दै गएका छन्।

त्यसो त स्वदेशमै आफ्ना छोराबुहारीसँग बस्दै आएका अधिकांश ज्येष्ठ नागरिक छोराबुहारी रिसाउँछन् कि भनेर पनि धेरै कुरा व्यक्त गर्न सक्तैनन्। जनजीविकाका लागि छोराबुहारीमा आश्रित कतिपय ज्येष्ठ नागरिक आफूले भनेजस्तो सक्रिय जीवनशैली अपनाउन सक्तैनन्।

हिजोका दिन गाँस, बास र कपासको खोजिमा बिदेसिन बाध्य बाबुबाजे पुस्ता र आज उच्च शिक्षा लगायत राम्रो अवसरको खोजीमा बिदेसिएका छोरानाति पुस्ताबीच नपुरिने खाडल तयार हुँदै छ। छोरानाति पुस्ताको बदलिँदो जीवनशैली र मानसिकतालाई सहजै ग्रहण गर्न बाबुबाजे पुस्तालाई सकस परेको छ।

विश्वमा हाल ६० वर्षमाथिको जनसंख्या ९० करोड छ भने, नेपालमा चाहिँ २०६८ सालको जनगणना अनुसार कुल जनसंख्याको ९.१ प्रतिशत छ। संयुक्त राष्ट्रसंघका पछिल्लो अध्ययन अनुसार १ जना शिशु जन्मिँदा ३ जना ज्येष्ठ नागरिक तयार भइसकेका हुन्छन्।

राष्ट्रिय योजना आयोगको एउटा प्रक्षेपण अनुसार, नेपालमा ६५ वर्षमाथिका नागरिकको संख्या सन् २०२८ मा कुल जनसंख्याको ७ प्रतिशतभन्दा बढी र सन् २०५४ मा १४ प्रतिशतभन्दा बढी हुनेछ (नेपाल साप्ताहिक, २०७६ भदौ १)। यसरी नेपालमा मात्रै हैन, विश्वभरि नै ज्येष्ठ नागरिकहरूको संख्या बढ्दै छ। तीमध्ये नगण्यले मात्र जीवनको उत्तरार्द्धमा सक्रिय जीवन बिताउने अवसर पाएका छन्।

नेपालको संविधानको धारा ४१ मा 'ज्येष्ठ नागरिकहरूलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनिएको भए पनि, ऐनमा ज्येष्ठ नागरिक कल्याण कोष एवं हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था गर्ने भनिएको भए पनि सरकार वृद्धभत्ता

बाँकी तेश्रो पृष्ठमा

# चुनावी परिणामसँगै उठेका बहस

**नरेन्द्रजंग पिटर**

सबैसँग चित्त बुझाउने तर्कहरू हुन्छन्, मन बहलाउने शीर्षक अनगिन्ती। अझ शक्तिकेन्द्रहरू आफू ठीक भएको प्रमाणित गर्ने भाष्यकारद्वारा अनेकौं तर्कखेती गराइरहन्छन्। दु:ख भुलाउन हिँड्ने भिन्नाभिन्नै बाटा पनि हुन्छन्। आखिर चुनाव हो, हार्नु र जित्नुमा कारण त हुन्छ नै। चुनाव सकिएसँगै अब बहसका विषय भने फेरिए।

ठूला पार्टी खुम्चिए। सनातनी पार्टीसँग निराशा, आक्रोश र प्रतिक्रियास्वरूप सदनमा केही नौला अनुहार देखिनेछन्। यसले सदनको चित्र र चरित्रमा केही प्रभाव पार्नेछ।

परम्परागत नेतृत्वलाई पनि नयाँ तरिकाले सोच्न दबाब बनाउनेछ। आफ्नो दिमाग आफैंसँग राखेर राजनीतिकर्म गर्नेहरूका लागि विचारको सिद्धान्तलाई सुविधाको सिद्धान्तमा फेर्दा उम्रिने संकटहरू परिणाममा छ्यांगै देखिए। व्यवहारबिना सिद्धान्त र गौरवमय इतिहास मात्रै जनमतले स्विकार्दैन।

राजनीतिक नाराले सामाजिक आवेग तयार गरेर मात्रै हुँदो रहेनछ, त्यसको स्वामित्व नलिने र आफूलाई सामाजिकीकरणको परीक्षामा खरो नउतार्नेहरूले आफ्नै हतियार पनि रक्षा गर्न नसके विरोधीले थुतिदिन्छन्।

कैयौं अहंकारी चिप्लिएनन् मात्रै, पछारिए पनि। राजनीतिमा अवकाश कहिले ? परिवारवाद फेरि प्रश्न बन्यो। अहंकारले व्यभिचारी बनाइदिन्छ। कुरूपतामा सुन्दरता खोजिन्छ।

अन्तर्मनका लालसाले गर्दा आँसु र सपनामा पौडी खेलिन्छ। २०६२-६३ सालको परिवर्तनले ल्याएका आशा निराशामा त्यसै र एकै दिन फेरिएका हैनन्। जागृत महत्त्वाकांक्षा ऊर्जा बन्न सकेन। बरु अहंकार फैलिँदा आफ्नै वंशमा यदुवंश जन्मिन्छन्। राजनीतिक कलाकार भने औधी सिपालु हुन्छन्। प्रतिस्पर्धी तह लगाउन आफन्तको नाक काटेर पराईको गुप्तांग टालिदिन्छन्।

चुनावी दृश्य

गठबन्धनहरूको निर्देशनले काम गरेन। स्वयं नेतृत्वलाई राजनीतिक धरहरा क्रमश: ढल्दै गएको थाहा-पत्तो भएन। निर्देशन पालना गराउन नसक्नु भनेको नेतृत्वको नैतिक आधिकारिकता गुम्नु हो।

चुनावसँगै (उपयोग, बहिष्कार वा तटस्थ बस्ने) धेरैका चिन्तन, सांस्कृतिक स्तर, क्रोध, ईर्ष्या, प्रतिशोध, प्रतिक्रिया र दुर्भावनाहरू छताछुल्ल भए। कोही तटस्थ बस्न सकेन। कैयौंको राजनीतिक जीवन धरापमा पर्न गयो।

गठबन्धनमा नेपाली कांग्रेसको वर्गनिष्ठा, एमालेको सुदृढ संगठन देखियो। माओवादी भने आफ्नै नाराको स्वामित्व लिन नसकेर गुटभित्रैका अहंकारी र महत्त्वाकांक्षीहरूसँग टकरायो। कांग्रेसमा देउवा गुटकै हालीमुहाली भए पनि 'कम्युनिस्ट' को हाउगुजी र डर पैदा गरिएकाले अरू त्यति विद्रोही देखिएनन्।

सर्वमान्य एकल नेतृत्वका कारण एमालेमा गुट राजनीति अन्त भएको भान भए पनि वर्चस्व भिडन्तमा भने महासचिव र उपाध्यक्षबीचको शीतयुद्ध छर्लंग देखा पर्‍यो। माओवादीमा गुटको 'जनयुद्ध' भाइयुद्धका रूपमा छताछुल्ल भयो। कम्युनिस्ट नभैकन 'कम्युनिस्ट' बन्ने छुट हुनु, वामपन्थी चरित्र पनि नदेखिनु-नहुनु नेपाली 'कम्युनिस्ट' का विशेषता रहे।

ठूला तीन दलभित्रका प्रतिस्पर्धीहरूलाई स्थानीय तहमै रोक्न चुनावी टिकटै नदिनु र दिए पनि हराउनु गुट राजनीतिको बिनाटिकटको रमिता बन्यो। जित्नेभन्दा पनि हराउने गुठियारहरू सक्रिय भए।

संसारमा हरेक पार्टीका र संघसंस्थाका कार्यनीति अनुसार तत् संस्थाका अगुवा र कार्यकर्ता चल्छन्, चल्नुपर्छ। नत्र पार्टी भन्ने कानुनी र नैतिक अधिकार रहँदैन। भूमिकाले चरित्र किटान गर्छ। सिंगमरमरमा टेकेपछि चिप्लिन सकिन्छ, माटोको भुइँमा हिलो-धूलो लागे पनि चिप्लिँदैन। समयको वेग र दिशा खुट्याउँदै परिस्थितिलाई काबुमा राख्न भने आफ्नै खुट्टा दह्रो गरेर उभिनेले मात्रै चुनौती पार गर्न सक्छन्। कुनै प्रतिकूल हावाले भक्तपुरलाई हल्लाउनै सकेन।

परिणामको ट्रेन्ड हेर्दा नेपालको संसद्मा पश्चिम-प्रशिक्षित दक्षिणपन्थको वर्चस्व हुने देखियो। हाम्रोजस्तो भू-संवेदनशील राष्ट्रमा अति दक्षिणपन्थको उदयले नवनाजी भ्लादिमिर जेलिन्स्की जन्माउने र पश्चिमाको क्रीडास्थल बनाउने सम्भावना टड्कारो देखियो।

पश्चिमा सहयोगले गर्दा भएको नयाँ शक्तिको उदय, निराश जनमत, ठूला पार्टीप्रतिको घृणा, आर्थिक अभिभावक बनेको बिदेसिएको जनमतले घरपरिवारलाई गरेको आग्रह र अनुरोधले मतदातामाझ अर्थ राखे। हरेक पार्टीमा अन्तर्राष्ट्रिय विभाग र ती देशमा भ्रातृ संगठन सक्रिय रहे पनि ती नयाँ शक्तिसामु अर्थहीन देखिए।

जी-ट्वेन्टीको बैठकमा चिनियाँ राष्ट्रपति र क्यानाडाका प्रधानमन्त्रीबीच चुनावी हस्तक्षेपको विषय सम्बन्धी वार्ताको सार्वजनिकीकरणलाई लिएर ठाकठुक भयो। आपसी संवादलाई सार्वजनिक गरेको आरोप राष्ट्रपति सीको थियो भने प्रधानमन्त्री ट्रुडोको भनाइ थियो, 'क्यानाडा प्रजातान्त्रिक देश भएकाले सबै कुरा पारदर्शी हुन्छ।' यसभन्दा पहिला नेपालमा चुनावी शक्तिखेलहरू उत्तर र दक्षिणबाट मात्र हुन्थे, यस पटक भने पश्चिमाले पनि चोटिलो हस्तक्षेप गर्‍यो।

आत्मसमीक्षाका कुरा

घटना र परिणामले विगतबाट सिकेर आगतको योजना बनाउन आफू र अरुले गरेका गल्तीहरूबाट शिक्षा लिन निर्मम आत्मसमीक्षा गर्ने गरिन्छ। कुनै पनि

बाँकी तेश्रो पृष्ठमा

## चुनावी......

नेतृत्व सर्वज्ञ हुँदैन । उसलाई योग्य सल्लाहकार र असल सहयोगीहरूको टिम आवश्यक पर्छ ।

गल्ती महसुस गरेर रचनात्मक आलोचनालाई स्वागत गरिए मात्रै सुधिन-सच्चिन सकिन्छ । निर्मम आत्मसमीक्षा गर्न दुर्नियति पक्षपोषण नगरे मात्र सकिन्छ । सम्भावनाको सिकार सहज हुन्छ । जसले पहिले एकान्तमा आफैं ऐना हेर्दैन, उसले अरूलाई ऐना देखाउनुको अर्थ रहँदैन । जसले आफैंलाई क्रमभंग गरेर निकास खोज्दैन, ऊ इतिहासका पानाहरूमा मात्र समेटिने दिनको पर्खाइमा रहेतुल्य हुन्छ । इतिहासका निर्माता र क्रान्तिको नेतृत्व गर्ने संसारका धेरै पार्टी समयसँगै असान्दर्भिक बनेर पुस्तकका सन्दर्भ सामग्रीका एकाध हरफमा सीमित हुन पुगे । त्यो हेक्का राखे मात्रै अहंकारीहरूले आत्मसमीक्षा गर्न सक्छन् ।

आत्मसमीक्षाका विषय

सिद्धान्तको आत्महत्या, पार्टीको महापतन र विघटनकाल बनेर इतिहासले त्यसै खितखिताउँदै ठट्टा गरेको पक्कै हैन । मतदान किन कम भयो ? त्यसका कार्य, कारण र परिणाम खुट्याउनुपर्ने हुन्छ । परिणामसँगै दुवै गठबन्धनले दिन चाहेको, गरेको अभ्यास परिणाम बनेर देखियो । कुनकुन दृश्य-अदृश्य शक्तिखेल भए !

बहाना नगरीकन हार स्विकार्ने सामर्थ्य भएपछि मात्रै आत्मसमीक्षा गर्न सकिन्छ । किन र कसरी पार्टीभित्र आत्मघाती दस्ता तयार भयो ? आत्मघातीहरू दुस्मनलाई मार्न नसके पनि स्वयं भने मारिन्छन् । आफन्तसँगै घृणा सकिएपछि जिन्दगीभर स्वकृत्यका लागि भने पछुताउनुपर्छ । साहस र साधन मात्रै भएर हुँदैन समय र युद्धमैदान चयन, उचित व्यवस्थापन गरियो कि गरिएन ? पहल नेतृत्वमा आवश्यक हुन्छ । योद्धाहरूको मनोबल र सहयोद्धाहरूको इच्छाशक्ति बढाउनपट्टि असमर्थता एवं सबै तहका नेतृत्वहरूप्रति चरम अविश्वासका कारक केके हुन् ?

कहाँ चुकियो ?

उम्मेदवार छनोटमा ! केन्द्र र स्थानीय तहसम्म नीति र विधि अनुसार संगठन परिचालन व्यवस्थापन, सामूहिक भावना तथा संगठन पहिलो भन्ने मान्यता, नीति योजना र पहलकदमीको सुनिश्चितता अनिवार्यतामा !

सबै प्रतिकूलतासँग लड्न र जित्नका लागि जमिनमा दह्रोसँग खुट्टा टेक्नुपर्छ । पीँधका मान्छेको मुद्दा बोक्नुपर्छ । संगठनलाई विधि-पद्धतिमा चलाउनुपर्छ । राज्यको प्रतिनिधि हुँदा सरल, सस्तो र छिटो डेलिभरी दिनुपर्छ । नेताहरूको चाकरीवाज खोज्नु हुन्न । नेताहरूको बाह्रमासे गीत गाउने कार्यकर्ता बन्नु हुँदैन । परिवार-सम्पत्तिप्रति अचाक्ली मोहले समाजमा नेतृत्वमाथि घृणा पैदा गर्छ । अंकगणितका लागि विजातीय वर्गसँग मिल्नु हुँदैन । पैसाका लागि तस्कर र दलालहरूसँग उठबस गर्नै हुँदैन । जीवन सरल र एक स्तरको पारदर्शी हुनुपर्छ । भू-संवेदनशील देशमा विदेशीको सुरक्षाचासो र आफ्नो दायित्व के हो भन्ने ख्याल गरियो ?

नयाँ गठबन्धनको रेखाचित्र

परिस्थिति फेरिएसँगै पार्टीहरूका प्राथमिकता पनि फेरिने गर्छन् । राजनीति सबैलाई, सबै ढोका सधैं खुला राखिरहने सम्भावनाको खेल हो । गठबन्धनहरू बन्छन्, भत्किन्छन् । संसदीय व्यवस्थामा शक्ति पाउन कुनै पनि बेला पार्टीहरू जोसुकैसँग सम्झौता गर्ने गर्छन् । राजनीति मात्रै यस्तो विषय हो जहाँ हिजोलाई नभई भोलिलाई हेरेर योजना र सहयात्री छानिन्छ । मित्र र विरोधी तय गरिन्छ । नेतृत्वको भूमिकाले समाज र कार्यकर्तालाई धारणा फेर्न प्रोत्साहित मात्रै गर्दैन, व्यवहार फेर्न पनि हौस्याउँछ, बाध्य पार्छ । पुरानै तरिकाले नयाँ चुनौतीको सामना गर्न सकिँदैन ।

कांग्रेस र एमालेको आआफ्नो गठबन्धन र सहकार्यले माओवादी जनयुद्धप्रतिको धारणा, आग्रह र शत्रुतापूर्ण व्यवहारमा फरक ल्यायो । सामाजिक मनोभावमा समेत प्रभाव पार्‍यो । भलै नाराको सामाजिकीकरण गर्न र धरातलीय स्वामित्व लिन नसक्दा थारू, दलित, जनजाति र मधेशमा उसले उठाएका नारा र अभियानबाटै अन्य शक्तिको उदय किन नभएको होस् ! उसले उठाएका गणतन्त्र, समानुपातिक, समावेशी र संघात्मक एजेन्डालाई आफ्ना नीति बनाउन अन्य पार्टी हिचकिचाएनन् । त्यसले राष्ट्रिय-अन्तर्राष्ट्रिय सोचमा असर पार्‍यो । भलै प्रायोजित एनजीओ-आईएनजीओ र घायल अभिजात वर्गविरोधी किन नहोस्, नाराको वाहक स्वयं भूमिकामा नउत्रिएको होस् ! पार्टी एकताको अभ्यास, एकआपसका शत्रुतापूर्ण सम्बन्ध, विपरीतको एकत्वलाई एमाले अध्यक्षले विगतमा स्विकार्न सकेनन् । आत्मसात् गर्नपट्टि समस्या रह्यो । यसकारण नयाँ राजनीतिक सहकार्य गर्न उनलाई कठिन परे पनि चुनावी परिणामले नयाँ सहयात्री खोज्न विवश बनायो । स्वभाव र संस्कृति फेर्न धेरै कठिन पर्छ । दम्भपूर्ण नजरिया, आत्माहंकार, अधिमूल्यन र धरातलीय यथार्थको बेवास्ताजस्ता दुर्गुणबाट बच्न नसक्दा उनी विगतमा पाएको अपार अवसर सितैँमा गुमाउन पुगेकै हुन् । भीम रावल फ्याक्टर पनि उनलाई महँगो पर्‍यो । रावलले हारेर पनि जिते । अब आक्रोश मत्थर भएको छ, परिवेश नयाँ बनेको छ ।

सरकार मिलीजुली बन्ने भो । अब पश्चिमा दबाबका कारण कांग्रेसले राप्रपा, नवोदय शक्ति, मधेशवादीसँगको सहकार्यलाई प्राथमिकता दिनेछ । दक्षिणलाई भने अब एमाले र माओवादी अछुत रहेनन् । अर्कातर्फ कांग्रेस सबै 'वामपन्थी' लाई प्रतिपक्ष र सडकमा छोड्न पनि चाहँदैन । यसले गर्दा फेरि कतै २०५० को दशकको कुरूप राजनीतिक खेलको पुनः अभ्यास त हुने हैन ? साभार : कान्तिपुर

## भोट बैंक......

बाँडेर पन्छिने गरेको छ । पछिल्लो समय बरु नागरिकस्तरबाट स्वतःस्फूर्त रूपमा ज्येष्ठ नागरिक दिवा केन्द्र तथा वृद्धाश्रम स्थापना तथा निर्माण गर्न थालिएको छ । यस्ता दिवा केन्द्र तथा वृद्धाश्रम निर्माणमा राज्यले आंशिक रूपमा आर्थिक सहयोग गरे पनि सञ्चालन खर्च ज्येष्ठ नागरिकहरू स्वयंले जोहो गर्दै आएका छन् । जीवनको पूर्वार्द्धमा विभिन्न क्षेत्रमा आफ्नो ऊर्जाशील समय खर्चेका ज्येष्ठ नागरिकहरूको अनुभव र योग्यताको सही मूल्यांकन न राज्यले गर्न सकेको छ न त नागरिक समाजले नै ।

विडम्बना भन्नुपर्छ, ज्येष्ठ नागरिकहरूलाई अन्य क्षेत्रमा अयोग्य देख्ने नेपाली समाजले राजनीतिमा भने ज्येष्ठ नागरिकहरूकै बाहुल्यलाई स्विकारिरहेको छ । यसले नेपाली समाजको चरित्र बुझिनसक्नु बनाएको छ । अझै पनि प्रमुख दलहरूमा ज्येष्ठ नागरिकहरूकै बोलवाला छ । दशकौंदेखि राजनीतिको शीर्षस्थ पदमा आसीन हाम्रा राजनीतिकर्मीहरू आफूजस्तै ज्येष्ठ नागरिकहरूको पक्षमा संविधानले प्रत्याभूति गरेको अधिकार दिलाउन भने असफलजस्तै देखिएका छन् । जीवनको उत्तरार्द्धमा पनि राजनीतिमा क्रियाशील हुने ज्येष्ठ नागरिकहरूको पहिलो कर्तव्य भनेको आफूजस्तै नागरिकहरूको हकहितका लागि पैरवी गर्नु हो ।

हामीकहाँ सामाजिक संरचनाले गर्दा पनि ज्येष्ठ नागरिकहरूको वर्तमान र भविष्य असुरक्षित बन्दै गएको छ । किनभने आमाबुबाप्रतिको कर्तव्य निर्वाह गर्नेभन्दा पनि अधिकार खोज्ने प्रवृत्ति छोरानाति पुस्तामा झाँगिँदै गएको छ । यसरी जीवनको पूर्वार्द्धमा छोराछोरी हुर्काउँदै जोडेको जायजेथामा छोराहरूले आँखा गाड्न थालेपछि सुरु हुन्छ गृहकलह ।

पछिल्लो समय सम्पत्तिकै कारण ज्येष्ठ नागरिकहरू घरपरिवारभित्रै एक्लिँदै गएका छन्, अंशलाई लिएर मनमुटाव बढ्दै गएको छ । कतिपय ज्येष्ठ नागरिक छोरानातिबाट प्रताडित छन्, यस्ता प्रताडनाबाट मुक्ति पाउन वृद्धाश्रम पुगेका छन् । यस्ता कतिपय कारणले गर्दा पनि नेपाली समाजमा वृद्धाश्रमहरूको आवश्यकता महसुस गर्न थालिएको छ ।

पक्कै पनि नेपाली समाजमा वृद्धाश्रमहरूको संख्या बढ्नु राम्रो हैन, जीवनको पूर्वार्द्धमा समाज र घरपरिवारका लागि आफ्नो ऊर्जाशील उमेर र समय खर्चेका ज्येष्ठ नागरिकहरूले जीवनको उत्तरार्द्धमा पनि घरपरिवारसँग बस्न पाउनुपर्छ भनेर नागरिकस्तरबाटै पैरवी गर्न जरुरी छ । राजनीतिकर्मीहरूले पनि ज्येष्ठ नागरिकहरूलाई भोट बैंक मात्र हैन, उनीहरूको पक्षमा बनेका नीतिनियम व्यवहारमा उतार्न रणनीतिक योजना तर्जुमा गर्नुपर्छ ।सभार इकान्तिपुर

## निर्वाचनले......

नागरिक सेवामा दत्तचित्त रहँदै नागरिक पहिलो प्राथमिकता (सिटिजन्स फर्स्ट)को अवधारणालाई अवलम्बन गर्ने विषयहरू अनुमोदित भएका छन्।

निर्वाचनमा टिकटचाहिँ दलले दिने हो तर मत नागरिकबाट लिनुपर्छ। अब दलले आफूलाई बचाइराख्ने हो भने योग्य, दक्ष, युवा, काबिल व्यक्तिहरूलाई निर्वाचनमा प्रस्तुत गर्नुपर्छ। संगठन, सदस्यता, समिति, दलको प्रमुख नेता भनेरमात्र मत आउँदैन। सबै दल गरेर जम्माजम्मी २५ देखि ३० लाखको संख्यामा संगठित सदस्य होलान्। एक करोड ८० लाख मतदातामा बाँकी १ करोड ५० लाख दलविहीन विशुद्ध मतदातामात्र हुन्। सबै दलका कार्यकर्ता अथवा संगठित सदस्यताको सम्पूर्ण योगभन्दा मतदातामात्रको अनुपात ५०० प्रतिशत बढी छ। उनीहरू संगठन जान्दैनन्, सदस्यता चिन्दैनन्, उम्मेदवार मन परे/नपरे पनि मत दिनुपर्छ भन्ने दलीय ह्वीपमा बाँधिँदैनन्।

दलको माथिल्लो तहको मान्छे उम्मेदवार भएपछि मरिमेटेर विजयी बनाउनुपर्छ भन्ने सम्झँदैनन्।

त्यो ५०० प्रतिशतले बढी रहेको मतदाताको आकांक्षा र रोजाइमा राम्रा, योग्य, सम्भावना बोकेका र कार्यसम्पादन गर्न सक्ने व्यक्ति पर्छन्। त्यस्तो उम्मेदवार पुराना अथवा नयाँ दल जुनसुकै दलबाट पनि हुनसक्छ। एक्काईसौं शताब्दी मास वेस्ड राजनीतिको समय हो। राजनीतिक बहाव निर्माणमा सञ्चारको प्रभाव अधिक रहन्छ। अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामाले आफ्नो पुस्तक 'एडासिटी अफ होप'मा यसलाई राम्ररी विश्लेषण गरेका छन्। खाली एकोहोरो रटान र आत्मरति भजाएरमात्र हुँदैन। देशभर विभिन्न खालका आन्दोलन गरेको भन्ने आधारमा मात्र आफ्नो औचित्य स्थापित गर्न खोज्ने पुराना दलहरूलाई निर्वाचन नतिजाले गतिलो झापड दिएको छ। यी सबै आन्दोलनको कान्छो आन्दोलन मानिने मधेस आन्दोलनको नेतृत्व गरेको भन्ने दल त राष्ट्रिय दलसमेत बन्नेमा शंका छ। मतदाताले आन्दोलनका उपलब्धिलाई स्वीकार्छन् तर त्यसैले मात्र सदाकाल उपस्थितिको औचित्य साबित भने हुँदैन।

मतदातामा युवा र नयाँप्रतिको आकर्षण अगाध हुन्छ। पुरानै दलहरूले अधिकांश स्थानमा विजय हासिल गरे पनि उनीहरूमाथि नयाँ दलको कडा टक्कर थियो। शीर्ष नेताहरूले जिते तर उनीहरूको प्राप्त मत तथा निकटतम प्रतिद्वन्द्वीसँगको मतान्तर यस अघिको निर्वाचनभन्दा धेरै तल झरेको छ। ठूला दलहरूको आकर्षण गुम्दैछ। नयाँ दलहरू मतमा धेरै स्थानमा नजिते पनि मन जित्ने अभ्यासमा रहेको देखिँदैछ।

अब दलहरू सच्चिनु पर्छ। अहिलेका शीर्ष नेतृत्वले अभिभावकीय भूमिकामात्र निर्वाह गर्नुपर्छ। सक्रिय राजनीतिमा सक्षम र युवा पुस्तालाई अगाडि सार्नु पर्छ। अहिले रहेका लगभग सबै ठूला भनिएका दलका शीर्षनेता राजनीतिक जीवनको उत्तरार्धमा छन्। सांसद तथा पार्टीको अध्यक्षताका हिसाबले उनीहरूको यो अन्तिम इनिङ हो। विगतकै जस्तो नेतृत्व कौशल र आडम्बरलाई अवलम्बन गरे अब उनीहरूको अन्त्यसँगै उनीहरूको दलको पनि अन्त्य हुने जोखिम बढ्दो छ। आफू जाँदाजाँदै पार्टीलाई पुनर्जीवन दिन सकारात्मक र रचनात्मक अभ्यास गर्नुपर्छ।

भित्री मनमा यही दबाब निर्माणको अभिलाषा राखेर नागरिक विद्रोह र विशेष गरी सहरकेन्द्रित विद्रोह सुरु भएको छ। तुलनात्मक रूपमा सचेत समूहले विद्रोहको बिगुल बजाएको छ। दल तथा नेतृत्वले यसको सन्देश विचरण गर्नुपर्छ। आफूलाई विनिर्माण गर्न विराट प्रयास लगाउनु पर्छ। दलहरू नबदलिए नागरिकले मत बदल्ने अठोट गरेको स्पस्ट देखिँदैछ।

नेतृत्वले उदार हुँदै सम्मानजनक बहिर्गमन वा अवकास रोज्नु पर्छ। युवा र भिजन भएका नयाँ पुस्ताले सशक्त र सकारात्मक हस्तक्षेप गर्नुपर्छ। दलहरूसँग सक्किने वा सुध्रने एउटैमात्र विकल्प बाँकी देखिन्छ। **साभार अन्नपूर्णपोष्ट्**

## सबै......

अधि १५१ मतले बिजयी गुप्ता समानुपातिक तर्फको मतपेटिका मा प्राप्त मत लाई जोडदा १६७ मत ले निर्वाचित हुनु भएको छ ।

निर्वाचन अधिकृत योगनाथ ढकालले बिहीबार बिहान प्रत्यक्ष तर्फको मतगणना पछि गुप्ता निर्वाचित भएको घोषणा गरेका थिए । सो घोषणा लगत्तै निर्वाचन आयोगले आफ्नो आधिकारिक वेवसाईट मा समेत गुप्ता निर्वाचित भएको सूचना सार्वजनिक गरेका थिए ।

यता काग्रेसको उम्मेदवार सुरेन्द्र चौधरी ले षड्यन्त्र गरि प्रत्यक्ष तर्फको मतगणना सम्पन्न भय पछि पनि २७८ मत गायव भन्दै समानुपातिक को पेटीमा फेला परेको मतपत्र लाई प्रत्यक्ष तर्फको गणना मा जोडन दवाव दिन्दै आएका थिए ।

## रौतहट......

उनले नेकपा एमालेको अजयकुमार गुप्तालाई ६ हजार ६ सय मतान्तरले पराजित गरेका थिए ।

यसअघि नेपालले चुनाव जितेको काठमाडौं-२ मा भने राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार सोविता गौतमले चुनाव जितेकी छन् । सत्तारूढ गठबन्धनकी उम्मेदवार एवं पूर्वसभामुख ओनसरी घर्ती चौथो स्थानमा सीमित भइन् ।उता प्रचण्डले छाडेको चितवन-३ मा पनि राप्रपाका विक्रम पाण्डेले चुनाव जिते । माओवादी केन्द्रका उम्मेदवार भोजराज अधिकारी पराजित भए ।

## यी हुन् चुनाव........

यादवलाई पराजित गर्दै अध्यक्ष राउत निर्वाचित भएका हुन् । राउतले ३५ हजार ४२ मत प्राप्त गरेका छन् । पराजित उपेन्द्र यादवले १६ हजार ९७९ मत ल्याए । नागरिक उन्मुक्ति पार्टीका रन्जिता श्रेष्ठ चौधरी पनि प्रतिनिधि सभा सदस्य निर्वाचित भएकी छन् ।

नागरिक उन्मुक्ति पार्टीको तर्फबाट कैलाली क्षेत्र नम्बर १ बाट उम्मेदवार रहेकी चौधरीले नेपाली कांग्रेसका रामजनम चौधरीलाई पराजित गर्दै विजयी बनेकी हुन् । श्रेष्ठले ३० हजार ४ सय ४ मत प्राप्त गरेकी छन् । भने, उनका निकटतम प्रतिद्वन्द्वी चौधरीले १८ हजार ८९ मत प्राप्त गरे ।

## यी हुन्....

बालकृष्ण खाण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री र युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराज, विनाविभागीय राज्यमन्त्री उमेश श्रेष्ठ पनि निर्वाचनमा पराजित भए ।पूर्वसभामुख ओनसरी घर्ती, पूर्वउपसभामुख पुष्पा भुसाल गौतम तथा राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलका लागि पनि यसपटकको निर्वाचन फलदायी हुन सकेन । अघिल्लो प्रतिनिधिसभा सदस्य अञ्जना विशङ्के, अभिषेकप्रताप शाह, कृष्णकुमार राई, कृष्णभक्त पोखरेल, गणेश ठगुन्ना, गौरीशंकर चौधरी, गंगा चौधरी (सत्गौवा), घनश्याम भुसाल, चक्रपाणी खनाल, चित्रलेखा यादव, झपटबहादुर रावललाई निर्वाचन परिणामले निरासा तुल्यायो ।निवर्तमान सांसद देवेन्द्रराज कँडेल नवराज सिलवाल, निरुदेवी पाल, प्रमोद साह, बृजेशकुमार गुप्ता, भरतकुमार शाह, भानुभक्त ढकाल, भीमसेनदास प्रधान, भूमिप्रसाद त्रिपाठी र महेश्वर बस्नेतका लागि निर्वाचन फलामको च्यूरा बन्यो ।

अघिल्लो प्रतिनिधिसभामा रहेका मातृकाप्रसाद यादव, मोहम्मद इस्तियाक राई, यज्ञराज सुनुवार, रघुबीर महासेठ, राजेन्द्रप्रसाद गौतम, राजेन्द्रप्रसाद श्रेष्ठ, रामकुमारी झाँक्री, रामवीर मानन्धरलाई पनि निर्वाचन कष्टप्रद रह्यो । जनता प्रगतिशील पार्टी नेपालका हृदयेश त्रिपाठीलाई पनि यस निर्वाचनले सदन प्रवेशमा धक्का लगायो ।पूर्वमन्त्री लक्ष्मणलाल कर्ण, लालबाबु पण्डित, सुजाता कोइराला, लेखराज भट्ट, विजयकुमार गच्छदार, बीना मगर, विरोध खतिवडा, सोमप्रसाद पाण्डेय, शेरबहादुर तामाङ तथा पूर्वसांसदहरू विजय सुब्बा, विशाल भट्टराई, सूर्यप्रसाद पाठक र कोमल वलीका लागि पनि यो निर्वाचन बाधक रहन पुग्यो ।यही मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ । प्रतिनिधिसभातर्फ हालसम्म एक सय ५६ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक भएको छ । निर्वाचन आयोगका अनुसार हालसम्म कांग्रेसले ५३ स्थानमा जित निकाल्दै आफ्नो अग्रता कायमै राखेको छ ।एमाले ४१, माओवादी केन्द्र १७, एकीकृत समाजवादी १०, राष्ट्रिय स्वतन्त्र पार्टी सात, जसपा छ, स्वतन्त्र पाँच, लोसपा चार र नागरिक उन्मुक्ति पार्टी तीन स्थानमा विजयी भएको छ ।

# ३ जिल्लाबाहेकको मत परिणाम मंगलबारसम्म आइसक्ने

रासस,काठमाडौं – मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न भई निर्वाचनको मतपरिणाम आउने क्रम अन्तिम चरणमा रहेको छ ।पछिल्लो मतपरिणामअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेसले सबैभन्दा बढी मत प्राप्त गरेको छ । निर्वाचन आयोगका अनुसार आइतबार दिउँसोसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फ कांग्रेसले ५३ स्थानमा जित हासिल गरेको छ भने तीन स्थानमा अग्रता कायम गरेको छ ।त्यस्तै, नेकपा (एमाले) ४१ स्थानमा विजयी भएको छ भने दुई स्थानमा अग्रता कायम गरेको छ । नेकपा (माओवादी केन्द्र)ले १७, नेकपा (एकीकृत समाजवादी)ले १०, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात, जनता समाजवादी पार्टी नेपालले छ स्थानमा जित हासिल गरेको छ भने एक स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्र पाँच, लोकतान्त्रिक समाजवादी पार्टीले चार र नागरिक उन्मुक्ति पार्टीले तीन स्थानमा विजयी भएका छन् ।बाँकी स्थानको केही विवादका कारण निर्वाचन र मतगणनामा भएको ढिलाइ तथा मतगणना स्थगितका कारण समयमै नतिजा आउन सकेको छैन । बाजुरा, दोलखा र स्याङ्जाबाहेक अरु सबै जिल्लाको प्रत्यक्ष तथा समानुपातिकतर्फको मतपरिणाम आज साँझ अथवा भोलिसम्म आइसक्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।हाल प्रत्यक्षसँगै समानुपातिकको पनि मतगणना जारी रहेकाले उक्त तीन जिल्लाबाहेकको सबै मतपरिणाम मङ्सिर १३ गतेसम्म आइसक्ने उनले बताउनुभयो । बाजुरा, दोलखा र स्याङ्जामा देखिएको समस्याका सम्बन्धमा आयोगले आवश्यक निर्णय गरी यथाशीघ्र सबै मतपरिणाम आइसक्ने आयोगको दाबी छ। अन्तिम मतपरिणाम प्राप्त भएपछि त्यसको सम्पूर्ण विवरण आयोगले राष्ट्रपतिलाई बुझाउने कानुनी प्रावधान छ।

# श्री मनोकामना प्राथ्मिक बिधालयमा चोरी ६/७लाख बराबरको क्षति



/रामजी यादव ११मंसिर पर्सा३बहुदरमाई नगरपालिका वडानं.५को पाडें बारवाको श्री मनोकामना प्राथ्मिक बिधालयमा हिजो राती करीब १२बजे चोरी भएको छ र अरु सर- समानहरु जलाएर नष्ट गरेका छन।श्री मनोकामना प्राथ्मिक बिधालय पाडें बारवा मा केही चोरहरु हिजो राती करीब १२ बजे औफिस कोठाको ताल्चा तोडी भित्र पसेर ३थान कम्प्युटरमोनिटर,सि.पी.यु. कागजात,टेबुल,कुर्सी,लगायत बिभिन्न सामग्री जलाएर नष्ट गरेका छन भन्ने १थान प्रिन्ट,र कम्प्युटर मोनिटर लगायत सर-सम्मानहरु चोरेर भाग्न सफल भएका छन ।

श्री मनोकामना प्राथ्मिक बिधालयका प्रधानाध्यापक देवचन प्र.यादवका अनुसार चोर समुहले करीब ६/७लाखको क्षति गरेको अनुमान गरेका छन ।

श्री मनोकामना प्रायमिक बिधालयमा चोरी गरेको चोर भन्ने पत्राउ हुन सकेको छैन सो क्षति को र कसले गरेको हो सोको बारेमा प्रहरीले अनुसन्धान गरिरहेका छन।

# यी हुन् चुनाव जित्ने पार्टी अध्यक्षहरु, कसले कति मत ल्याए ?



काठमाडौं । प्रदेश तथा प्रतिनिधिसभा निर्वाचन अन्तर्गत अधिकांश स्थानको अन्तिम मतपरिणाम सार्वजनिक भइसकेको छ। कतिपय निर्वाचन क्षेत्रमा भने मतगणना जारी रहेको निर्वाचन आयोगले जनाएको छ । यस पटकको निर्वाचनबाट २७ वर्षीय युवादेखि ८० वर्षीय ज्येष्ठ नागरिकसम्म सांसद निर्वाचित भएका छन्। यसपटक प्रायः सबैजसो पार्टीका अध्यक्षहरू समेत उम्मेदवार रहेका थिए ।

जसमध्ये एक जनाबाहेक सबैले निर्वाचनमा जित हासिल गरेका छन् । यहाँ उम्मेदवार भएर जित हासिल गरेका पार्टी प्रमुखहरूबारे चर्चा गर्ने प्रयास गरिएको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा यसपटक पनि डडेलधुराबाट उम्मेदवार थिए । प्रधानमन्त्रीसमेत रहेका सभापति देउवाले चुनाव जितेका छन् । सभापति देउवा २५ हजार ५३४ मतसहित डडेल्धुराबाट सातौंपटक निर्वाचन भएका हुन्।

उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार सागर ढकालले १३ हजार ४१ मत ल्याएका थिए। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली झापा क्षेत्र नम्बर ५ बाट प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवार थिए। अध्यक्ष ओलीले यसपटक पनि झापा ५ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित भएका छन् ।

अध्यक्ष ओलीले ५२ हजार ३१९ मत ल्याएका थिए। उनका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका खगेन्द्र अधिकारीले २३ हजार ७४३ मत पाए। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गोरखा क्षेत्र नम्बर २ बाट चुनाव जितेका छन् । अध्यक्ष प्रचण्डले २६ हजार १०३ मत प्राप्त गरेका छन्। उनका निकटम् प्रतिस्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार कविन्द्र बुर्लाकोटीले १२ हजार ६३७ मत प्राप्त गरेका छन्। नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल पनि विजयी भएका छन् ।

रौतहट क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिएका अध्यक्ष नेपाल ३३ हजार ५२२ मतसहित प्रतिनिधि सभा सदस्य निर्वाचित भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका अजयकुमार गुप्ताले २६ हजार ९२२ मत ल्याएका छन् ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी पनि प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएका छन् । अध्यक्ष केसी बागलुङ क्षेत्र नम्बर १ बाट निर्वाचित भएका छन्। केसीले २१ हजार ४५१ मत ल्याएका छन् ।उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका सूर्यप्रसाद पाठकले १८ हजार ८२५ मत ल्याएका थिए । चितवन क्षेत्र नम्बर २ बाट उम्मेदवार रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले चुनाव जितेका छन्। नेपाली कांग्रेसका उम्मेदवार उमेश श्रेष्ठलाई हराउँदै लामिछाने निर्वाचित बनेका हुन् ।

अध्यक्ष लामिछानेले लामिछानेले ४९ हजार २६१ मत प्राप्त गरेका छन् । भने कांग्रेसका उमेश श्रेष्ठको १५ हजार ९९ मत आएको छ। लामिछाने ३४ हजार १ सय ७० मतान्तर कायम गर्दै विजयी भएका हुन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले पनि चुनाव जितेका छन् । नेपाली कांग्रेसका उम्मेदवार कृष्णप्रसाद सिटौलालाई हराउँदै ४० हजार ६ सय ४८ मतसहित अध्यक्ष लिङ्देन विजयी बनेका हुन्। सिटौला यसपटक ३७ हजार ३ सय ७२ मतसहित दोस्रो बने। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुर महोत्तरी क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका छन् ।

अध्यक्ष ठाकुरले १६ हजार ३७५ मत पाएका छन्। उनका निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी (जसपा) नेपालका हरिनारायण यादवले १४ हजार ३२५ मत ल्याएका थिए । कार्यालयले जनाएको छ ।

सप्तरी क्षेत्र नम्बर २ बाट उम्मेदवार रहेका जनतम पार्टीका अध्यक्ष चन्द्रकान्त (सिके) राउतले पनि चुनाव जितेका छन्। उनले जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र

**बाँकी तेश्रो पृष्ठमा**

# मधेश प्रदेश सरकारको नेतृत्व अब कांग्रेस वा एमालेको हातमा ?

**वीरगञ्ज ११ मंसिर ।** प्रतिनिधि र प्रदेशसभाको निर्वाचन सम्पन्न भइ उम्मेदवारहरुको मत परिणाम धमाधम आइरहेको छ । प्रदेश सभाको ६४ वटा निर्वाचन क्षेत्र रहेको मधेश प्रदेशमा अहिलेसम्म ६१ वटा क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ ।

अहिले सम्मको मतपरिणाम अनुसार मधेश प्रदेशमा बसभन्दा ठूलो पार्टीको रुपमा नेकपा एमाले देखिएको छ । एमाले १३ सिटमा जित सुनिश्चत गरिसकेको छ भने महोत्तरीको निर्वाचन क्षेत्र १ को ख मा अग्रता कायम छ । त्यसैगरी, कांग्रेस १२,जसपा ९ सिटमा जित हात पारेका छन् । लोसपा ७ वटा सिटमा जित हासिल गरेका छन भने सर्लाहीको निर्वाचन क्षेत्र नम्बर २ को ख मा अग्रता कायम छ ।


माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टी ४/४ वटा क्षेत्रमा जित हासिल गरेका छन् । त्यसैगरी, प्रदेशसभाको पहिलो पटक डा.सिके राउतको नेतृत्वको पार्टी जनमत पार्टीले ६ सिट जितको छ ।

यो निर्वाचनको अर्को रोचक पक्ष के हो भने प्रदेशसभामा मात्रै ६ जना स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । यस अघिका प्रदेशसभाको निर्वाचनमा एक जना मात्रै स्वतन्त्र उम्मेदवार अब्बुल कलाम अजाद निर्वाचित भएका थिए । जुन पछि तत्कालीन संघीय समाजवादी पार्टीमा प्रवेश गरेका थिए ।

अजाद अहिले जनता समाजवादी पार्टीबाट प्रदेश सभामा पुनः विजयी भएका छन् । मधेश प्रदेशमा प्रत्यक्ष ६४ र समानुपातिकको ४३ वटा सिट गरी १०७ वटा सिट रहेको छ । प्रत्यक्षतर्फको परिणाम करिब आइसकेको अवस्था छ ।

समानुपातिकतर्फको पूर्ण मतपरिणाम आउन अझै करिब एक सप्ताहसम्म कुर्नुपर्ने अवस्था छ । तर अहिले सम्मको समानुपातिक मतपरिणामको नतिजा हेर्दा कांग्रेस १ लाख ७४ हजार ४४ मत ल्याएको छ भने एमाले १ लाख ४९ हजार ९२० मत ल्याइ अग्रता छन् । अर्थात समानुपातिकमा पनि काँग्रेस र एमाले नै अधिक सिट ल्याउने देखिन्छ ।

मधेश केन्द्रित दल जसपा अहिलेसम्म १ लाख २२




हजार २५०, जनमत १ लाख ४४१, माओवादी केन्द्र ६६ हजार ४०५, नेकपा एस ४७ हजार ८२२, लोसपा ४५ हजार ६९६ मत मात्र ल्याउन सकेको छ । प्रत्यक्ष र समानुपातिकतर्फको सम्पन्न नहुँदै राति सुत्ने ओछ्यानदेखि चिया पसलसम्म प्रदेश सरकार गठनको विषयले चर्चा पाइरहेको छ ।

अर्थात आगामी प्रदेश सरकारको नेतृत्व कसले गर्ने ? कसरी दलहरुले सरकार बनाउने लगायतका विषयमा सर्वसधारणदेखि राजनीतिकर्मीले चासो लिएका छन् । अहिले जनता समाजवादी पार्टी (जसपा)को नेतृत्वमा मधेश प्रदेश सरकारमा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी रहेका छन् । तत्कालीन जसपा विभाजित हुँदा लोसपा अलग भएपछि जसपाले कांग्रेस, माओवादी केन्द्र र नेकपा एसलाई सरकारमा सामेल गरेका थिए । तर निर्वाचनमा सिटबाँडफाँटका विषयमा सत्तारुढ गठबन्धन दलसँग कुरा नमिलेपछि जसपा अध्यक्ष उपेन्द्र यादव नेकपा एमालेसंग गठबन्धन गरेर चुनावमा होमिए ।

तर अध्यक्ष यादवलाई एमालेसंगको चुनावी तालमेल फापेन। अन्ततः मधेश प्रदेश सरकारको नेतृत्वमा पनि गुमाउने अवस्थामा पुगेको छ । जसपा अध्यक्ष यादव एमालेसँग चुनावी तालमेल गरेपछि सत्तारुढ गठबन्धन दलका नेतृत्व गरिरहेका कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरवहादुर देउवा जसपाका मन्त्रीहरुलाई सरकारबाट हटाएका थिए ।त्यसको प्रतिशोधमा जसपाका अध्यक्ष यादवको निर्देशनमा मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले पनि कांग्रेसका तीन मन्त्रीलाई निर्वाचनको मुखमा हटाए । यसरी सत्तारुढ गठबन्धनबाट अलग भएका जसपालाई अहिलेको निर्वाचनको मत परिणामले मधेश प्रदेशमा पनि सरकारको नेतृत्व भन्दा पनि सरकार बनाउनमा पनि उनको भूमिका महत्वपूर्ण हुने अवस्थामा छैन । कारण समानुपातिकको मतगनामा पनि मधेश प्रदेशमा पनि नेपाली कांग्रेस र एमालेकै अग्रता देखिन्छ । त्यसपछि मधेशमा उदायको नयाँ शक्ति जनमत पार्टीको समानुपातिकमा अग्रता देखिन्छ ।

यसरी मधेश प्रदेश सरकार बनाउन कांग्रेस र एमालेको साथ र समर्थन आवश्यक हुन जान्छ । मधेश केन्द्रित दलहरुले अहिलेसम्म जितेको र अग्रता कायम गरेको सिटलाई आधार मानेर विशलेषण गर्ने हो भने जसपा, लोसपा र जनतम पार्टीको ५१ प्रतिशत सिट पाउन सक्ने अवस्था छैन ।

सत्तारुढ पाँच दलीय गठबन्धन ५१ प्रतिशत सिट ल्याउने सम्भावना प्रबल छ । फेरि एमाले जसपा गठबन्धनले पनि एक्लै चाहेको खण्डमा सरकारको लागि आवश्यक बहूमत ल्याउन सक्ने अवस्था छैन । तर जनमत पार्टी र स्वतन्त्रको सहयोगले सरकार बनाउने सक्ने सम्भावना खोज्न सकिन्छ ।

तर यी दुबै सर्तमा मधेश प्रदेशको नेतृत्व राष्ट्रिय पार्टी कांग्रेस वा एमाले नै पाउने छ । यसैबीच, प्रदेश सरकार गठनमा स्वतन्त्रको निर्वाचित सांसदको भूमिका महत्वपूर्ण हुने भएको छ। प्रत्यक्षतर्फको मतपरिणामलाई आधार मान्ने हो भने सत्तारुढ गठबन्धन दललाई पनि सरकार गठनको लागि आवश्यक बहुमत छैन । कांग्रेसको १२, लोसपाको अग्रता सहित ८, माओवादी केन्द्र र नेकपा एसको मतलाई जोडदा २८ मात्र पुग्छ ।

सरकार बनाउन ५१ प्रतिशत सिट आवश्यक हुन्छ यस्तोमा प्रत्यक्षतर्फ मात्रै ३३ सिट चाहिन्छ। यस्तोमा सत्तारुढलाई सरकार बनाउन स्वतन्त्र वा जनमत पार्टीको सहयोग आवश्यक छ। त्यसैगरी, जसपा एमाले गठबन्धनको जसपाको ९ र एमालेको १ स्थानमा अग्रता सहित १४ गरी २५ हुन्छ । जसपा एमाले गठबन्धनले ६ सिटमा विजयी जनमतको समर्थनमा सरकार बनाउन सक्दैन ।

त्यसलाई पनि स्वतन्त्रको सहयोग आवश्यक पर्छ। प्रदेशमा बन्ने मिलीजुली सरकार केन्द्रको सरकार जस्तै अस्थिर रहने देखिन्छ। लालबाबु राउत नेतृत्वको सरकारले ६ पटकसम्म सरकार विस्तार गरे पनि मधेश प्रदेश सरकारको नेतृत्वमा गरिहे ।

तर अब गठन हुने सरकार लालबाबु नेतृत्वको सरकारको भन्दा कमजोर हुने राजनीतिक विश्लेषकहरुको भनाइ छ। तत्कालीन संघीय समाजवादी र राजपाको बलियो सरकार झण्डै तीन वर्षसम्म चलेको थियो । तर राष्ट्रिय राजनीतिमा उथलफुथल भएपछि त्यसको प्रभाव मधेश प्रदेश सरकारमा पनि पर्यो ।

नेकपा विभाजनको प्रभाव तत्कालीन जसपामा पनि पर्यो र जसपा विभाजित भएर लोसपा बन्दा प्रदेश सरकारमा कांग्रेस, माओवादी र नेकपा एसले प्रवेश पाए । प्रदेशको नाम र राजधानीको लागि चाहिने आवश्यक बहुमत नभएको र आफ्ना नेतृत्वको सरकारलाई बचाई राख्ने कांग्रेस, माओवादी र नेकपा एसलाई पनि सरकारमा ठाँउ दियो ।

राजनीतिक विशलेषक रोशन जनकपुरीले अहिलेको सिनारियोले मधेश प्रदेशमा पाँच दलीय गठबन्धनले प्रदेशमा सरकार बनाउन सक्ने अवस्था छ। तर त्यो पहिलाको जस्तो टिकाउन भने अवस्थामा रहदैन ।कारण संघीय सरकार नै अस्थिर रहने अवस्थाको हुन्छ। फेरि, अर्को गठबन्धन एमाले जसपाले जनमत, स्वतन्त्र वा स-साना दलहरुलाई मिलाएर सरकार गठन गरेको खण्डमा त्यो झन कमजोर हुन्छ । यी दुबै कारणले अव गठन हुने प्रदेश सरकारको जग बलियो हुने सम्भावना कम रहेको उनको भनाइ छ ।

'फेरि एमाले जसपा चुनावी तालमेल गरे पनि यी दुबै दलबीचको सम्बन्ध बलियो हुन सके को छैन, उनले अगाडि भने,एमाले अध्यक्ष ओली जसपा अध्यक्ष यादवसँग चुनावी तालमेल गर्न हात त मिलायो तर दिल मिलाउन सकेनन्, जसको कारण जसपाको सहयोगले एमालेको केही सिट त मधेश प्रदेशमा थपियो तर जसपालाई एमालेसंगको चुनावी तालमेल फापेन ।

' 'अन्तर्घात एमाले जसपा गठबन्धनबीच मात्र नभइ सत्तारुढ गठबन्धन दलबीच पनि भएको हो,उनले अगाडि भने,'जनमत पार्टीको मधेशमा नयाँ शक्तिको रुपमा उदय हुनु भनेको विभिन्न कारणहरु मध्ये कांग्रेस र एमालेको सहयोग पनि एक हो ।

गठबन्धनको हिसाबले जहाँ कांग्रेसको मत लोसपामा र एमालेको मत जसपामा पर्नुपर्नेमा जनमतमा गयो, जनमतका हारेका उम्मेदवारहरुले पनि राम्रो मत ल्याएको अवस्था छ, त्यो कहाँबाट आएको होला ? गठबन्धन भित्रमा पनि व्यापक असन्तुष्टि देखिएकोले अव गठन हुने सरकारले त्यहि सेरोफेरोको हुने निश्चित छ ।' तत्काल सत्तारुढ गठबन्धनकै मधेश प्रदेशमा सरकार बन्ने सम्भावना रहेको उनले बताए ।

## पर्सामा.....

**कुन स्थानमा थिए ?**

**२०७४ को निर्वाचनमा सामानुपातिक तर्फ पनि प्रतिनिधीसभा र प्रदेशसभा दुवैमा जसपा नै पहिलो दल बनेको थियो । त्यस बेला प्रतिनिधीसभाको समानुपातिकमा जसपाले सबै भन्दा बढि ५३ हजार ८२१ मत र प्रदेशसभाको समानुपातिकमा ५१ हजार २२० मत पाएको थियो ।**

**दोश्रो स्थानमा रहेको काँग्रेसले भने प्रतिनिधीसभाको समानुपातिकमा ५० हजार ५९२ मत र प्रदेशसभाको समानुपातिकमा ४५ हजार २७३ मत पाएको थियो । तेश्रो स्थानमा रहेको एमालेले प्रतिनिधीसभाको समानुपातिकमा २२ हजार १५६ मत र प्रदेशसभाको समानुपातिकमा १९ हजार २९८ मत मात्रै पाएको थियो ।**

# यी हुन् पराजित निवर्तमान ६० सांसद

रासस,काठमाडौँ – अघिल्लो प्रतिनिधिसभामा रहेका ६० भन्दाबढी निवर्तमान सांसद प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित भएका छन् । संसदीय राजनीतिमा लामो अनुभव रहे तापनि निर्वाचन परिणामले पार्टीको माथिल्लो तहको जिम्मेवारीमै रहेका मुख्य नेतालाई सदनबाहिर रहन बाध्य तुल्याएको छ ।

संसद्मा यसपटक प्रवेश गर्न नपाउनेमा कतिपय पार्टीका अध्यक्ष, उपाध्यक्ष, महासचिव तथा प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत छन् ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र



महतो, नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, महासचिव शंकर पोखरेल र उपमहासचिव प्रदीपकुमार ज्ञवाली निर्वाचनमा पराजित भए ।

नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवद्वय गिरिराजमणि पोखरेल र पम्फा भुसाल तथा पूर्वमुख्यमन्त्री शेरधन राईलाई प्रतिनिधिसभाको यस निर्वाचन अफापसिद्ध रह्‍यो ।

नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का कार्यकारिणी समिति सदस्य अनिलकुमार झा तथा गृहमन्त्री

**बाँकी तेश्रो पृष्ठमा**